**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्हने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्हने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**

श्रम ईजाजत नं. १४४/०५६/०५७

Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

## PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ
फोन नं. : ०१-४५९०४८०/००५

को

### तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०२/३० गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाण्डौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५५/०७/३० मा दर्ता नं. १०५४८/५८१ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ स्थित **हिमालयन पस्मिना क्राफ्ट (उद्योग)** **प्रोप्राइटरः राजाराम बानियाँ क्षेत्री**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुद्धिवल बानियाँको नाति, ध्रुवलाल बानियाँको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **राजाराम बानियाँ क्षेत्री (ना.प्र.प.नं.: ५३६७/३६३३, काठमाण्डौ)**
२. ध्रुवलाल बानियाँको बुहारी, राजाराम बानियाँको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **पुष्पा बानियाँ क्षेत्री (ना.प्र.प.नं.: १०२०३, काठमाण्डौ)**

**२. ऋणीको विवरण**

ध्रुवलाल बानियाँको बुहारी, राजाराम बानियाँको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **पुष्पा बानियाँ क्षेत्री (ना.प्र.प.नं.: १०२०३, काठमाण्डौ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुद्धिवल बानियाँको नाति, ध्रुवलाल बानियाँको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **राजाराम बानियाँ (ना.प्र.प.नं.: ५३६७/३६३३, काठमाण्डौ)**
२. चक्र बहादुर थापाको बुहारी, सुरेन्द्र जंग थापाको पत्नी, सिन्धुली जिल्ला, बेथानचोक गा.वि.स/न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **सिता देवी थापा (ना.प्र.प.नं.: ४०५५, सिन्धुली)**
३. गणेश बहादुर गिरीको नाति, मिन बहादुर गिरीको छोरा, काभ्रेपलान्चोक जिल्ला, चण्डेशर गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **प्रकाश चन्द्र गिरी**
४. बुद्ध शम्सेरको नाति, योधराज शम्सेरको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **प्रभात शम्सेर ज.ब.रा**
५. मिन बहादुर गिरीको बुहारी, प्रकाश चन्द्र गिरीको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, चण्डेशर गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **निर्मला गिरी (ना.प्र.प.नं.: ४०५५, सिन्धुली)**

**धितोमा रहेको सम्पत्ति विवरण**

**राजा राम बानियाको** नाममा भुमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ स्थित कित्ता नं. १२३० र १२३१ को क्रमशः क्षेत्रफल ०-२-०-० र ०-२-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट १ : काठमाडौं जिल्ला, काठमाडौ नगरपालिका वडा नं. १ को किता नं. १२३० को क्षेत्रफल ०-२-०-० र कि.नं. १२३१ को क्षेत्रफल ०-२-०-० समेत जम्मा ०-४-०-० जग्गा र सोमा निर्मित घर मध्ये जमिन तल्लाको पूर्व तर्फमा रहेको लम्वाई १८ फिट, चौडाई १४ फिटको पसल कवल- १ र सोही कित्तामा बनेको घरको पहिलो तल्लाको लम्वाई २८ फिट, चौडाई २२ फिटको घर (कोठा) १ समेत ज्योति वानिया र विभाष वानियाको अंश भागमा परेको हँदा सो बाहेक सम्पूर्ण लिगलगापात ।**

**नोट २ : माथि उल्लेखित दुबै ऋणीहरुको लागि धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।**

**शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ**

**१. ऋणीको विवरण**

बद्रि नाथ मिश्रको नाति, पूर्ण नाथ मिश्रको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **मनोज कुमार मिश्र (ना.प्र.प.नं. ६१५३, काठमाण्डौ)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा अपूर्ति मन्त्रालय, वाणिज्य विभाग, काठमाण्डौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/०६/१९ मा प्रा.फ.र.न. ८२९०२ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १३, कालिमाटी स्थित **श्री ज्योती ट्रेडिङ**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बद्रि नाथ मिश्रको नाति, पूर्ण नाथ मिश्रको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **मनोज कुमार मिश्र (ना.प्र.प.नं. ६१५३, काठमाण्डौ)**
२. जोगलाल मिश्रको नाति, बद्रि नाथ मिश्रको छोरा, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **पूर्ण नाथ मिश्र (ना.प्र.प.नं. ७/५१५, काठमाण्डौ)**
३. बद्रि नाथ मिश्रको बुहारी, पूर्ण नाथ मिश्रको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **कीर्ति लक्ष्मी मिश्र (ना.प्र.प.नं. ९८३५, काठमाण्डौ)**

**धितोमा रहेको सम्पति विवरण**

**पूर्ण नाथ मिश्रको** नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३ स्थित किता नं. २३२ को जम्मा क्षेत्रफल ३९८.४२ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

नोटः माथि उल्लेखित शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानातकर्ताहरु र धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०२/३० गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०३/०५ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०३/०६ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सदनमा बजेटबारे बहस कहिलेबाट ?

**बजेट भाषण यता प्रतिनिधि सभा अवरोध जारी छ । सरकारले २०८२/८३ का लागि प्रस्तुत गरेको बजेटमा छलफल हुनुपर्ने महत्वपूर्ण समय हो अहिले । तर भिजिट भिसा प्रकरणमा अनुसन्धानका लागि गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने भन्दै विपक्षीले सदन अवरुद्ध पारेको हो ।**

**यसपटक नेपाली कांग्रेस र नेकपा एमालेको शक्तिशाली सरकारले ल्याएको बजेट खासै आशलाग्दो खालको छैन । कुनै पनि क्षेत्रलाई उत्साह दिने खालको कार्यक्रम बजेटमा समावेश छैन । शुरुमा प्रशंसा गरे पनि यसको विषयमा सत्तारुढ दल नेपाली कांग्रेसले सार्वजनिक कार्यक्रमहरूमा आलोचना शुरु गरिसकेको छ । शक्तिशाली दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालेसमेत यो बजेट आफूले चित्त नबुझेको प्रतिक्रिया दिइसकेका छन् ।**

**यस्तै विषय सदनमा अब छलफल हुनुपर्ने हो । अर्थमन्त्री विष्णु पौडेलमाथि प्रश्न गर्नुपर्ने हो । यसको सैद्धान्तिक पक्षमा बहस हुनुपर्ने हो । तर प्रतिपक्षले भने गृहमन्त्रीको राजीनामालाई मुख्य मुद्दा बनाएको छ । प्रतिपक्षले यसो गरिरहँदा सत्तापक्षलाई बजेटबारे निकै हाइसञ्चो भइरहेको छ । यसले अब बजेट छलफलबिनै पारित हुने सम्भावना बढेको छ ।**

**यसैले पनि प्रतिपक्षी दल यस विषयमा सचेत हुनैपर्ने अवस्था आइसकेको छ । अहिले गृहमन्त्रीको राजीनामा माग्दा स्पष्ट र एक भएर राजीनामा माग्नु उचित देखिन्छ । विपक्षी दलमा अहिले दरार देखिएको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र आफै पनि गृहमन्त्रीको राजीनामा विषयमा स्पष्ट देखिँदैन । यता राष्ट्रिय प्रजातन्त्र पार्टीले यो मुद्दामा साथ दिइरहेको छैन ।**

**यसले गर्दा गृहमन्त्रीको राजीनामा माग्ने विषय कमजोर बन्दै गएको छ । यसले गर्दा भोलि प्रतिपक्षीमाथि नै प्रश्न उठ्न अवस्था आउने सक्ने देखिएको छ । कि त यो बजेटमाथि छलफल हुन नदिने प्रपञ्च हुन सक्छ, कि त सरकार बदल्ने प्रपञ्च । स्वतन्त्र नागरिकले प्रतिपक्षीको पछिल्लो कदममाथि प्रश्न उठाउन थालेका छन् ।**

**त्यसैले कि त गृहमन्त्रीको राजीनामा वारपार लगाउने हिसाबले प्रतिपक्ष गोलबद्ध हुनुपर्‍यो । नभए यसरी प्रतिनिधि सभालाई यसरी दैनिक बन्धक बनाउन पाइँदैन । जनताको प्रतिनिधित्व गर्ने प्रतिपक्षीले आगामी रोडम्याप बोकेको बजेटमाथि छलफल गर्न मार्गप्रशस्त गर्नपर्छ । यसका लागि प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले समन्वय गर्नपर्छ ।**

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# सार्वजनिक संस्थानको वर्तमान स्थिति र सुधारका उपाय



■ गम्भीरबहादुर हाडा

> संस्थान सञ्चालनको विधिमासमेत द्विविधा रहेको छ । संस्थान स्वायत्त संस्थाको रूपमा सञ्चालन हुने कि सरकारको नियन्त्रणमा रहने भन्नेमा स्पष्टता छैन । अर्थात् संस्थान सरकारको विभागजस्तो हुने वा व्यावसायिक संस्थाको रूपमा रहने भन्ने विषय सधैंजसो छलफलको रूपमा रहने गरेको छ । संस्थानको प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको छ । जुन-जुन क्षेत्रमा निजी क्षेत्र सक्रिय र सफल छ त्यो क्षेत्रमा संस्थानहरु बढी असफल भएका छन् । संस्थानहरुमा भएको ठूलो कर्मचारी संख्याका कारण संस्थानहरुको प्रशासनिक खर्च बढी हुने गरेको छ । सार्वजनिक संस्थानको स्थापनाको उद्देश्यका सम्बन्धमा सरकार तथा संस्थान स्वयं स्पष्ट हुनुपर्दछ ।

विश्वव्यापी लहरसँगै नेपालमा पनि आन्तरिक पुँजी परिचालनका साथै विकास साझेदारहरूको सहयोगमा राज्यको स्वामित्वमा उद्योग कलकारखाना स्थापना भएको देखिन्छ । योजनाबद्ध विकासको परिप्रेक्ष्यमा आर्थिक, सामाजिक र पूर्वाधार विकासका लक्ष्य हासिल गर्न सार्वजनिक संस्थान स्थापना भएको देखिन्छ । नेपालमा योजनाबद्ध आर्थिक विकासका सुरुआत वि.सं. २०१३ सालमा भएदेखि नै सार्वजनिक संस्थानहरू अस्तित्वमा आएका हुन् । अर्थतन्त्रको विकासमा उद्योगधन्दाको विशिष्ट योगदान हुन्छ । यसैले प्रत्येक देशमा विभिन्न खाले उद्योगधन्दाको स्थापना गरिन्छ । स्वामित्वको दृष्टिकोणबाट यस्ता उद्योगधन्दालाई दुई भागमा विभाजन गर्न सकिन्छ- निजी क्षेत्र एवं द्वितीय, सरकारी क्षेत्र ।

निजी उद्यमीद्वारा स्थापित उद्योगधन्दा निजी क्षेत्रभित्र पर्दछन् भने सरकारद्वारा स्थापित र सञ्चालित उद्योग व्यवसायलाई सरकारी क्षेत्र भनिन्छ । यसै सरकारी क्षेत्रलाई सार्वजनिक संस्थान पनि भनिन्छ । यसका साथै सरकारी संस्थान, राजकीय क्षेत्र आदि पनि भन्ने गरिन्छ । नेपालमा सार्वजनिक संस्थानको स्थितिको बारेमा उल्लेख गर्दा सामाजिक उत्तरदायित्व बहन गर्न, नयाँ प्रविधि भित्र्याउन र देश विकासको प्रारम्भिक चरणमा निजी क्षेत्रमा हुने पुँजी तथा उद्यमशीलताको अभावलाई पूरा गर्न स्थापना गरिएका सार्वजनिक संस्थानहरूको देश विकासमा महत्त्वपूर्ण भूमिका रहन्छ ।

विश्वमा सन् १९३० को दशकबाट लोककल्याणकारी राज्यको स्थापना र योजनाबद्ध विकासको प्रक्रियालाई अगाडि बढाउन सरकारी लगानीमा सार्वजनिक संस्थानहरूको स्थापना गर्न थालिएको हो । नेपालमा पनि मूलरूपमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् योजनाबद्ध विकासको थालनीका लागि संस्थानको स्थापनालाई अगाडि बढाइएको हो ।

हरेक सार्वजनिक संस्थानले वार्षिकरूपमा लेखापरीक्षण गर्नुपर्ने भए पनि दुई दर्जनभन्दा बढी संस्थानले लेखापरीक्षण नगरेपछि तत्काल गर्न संसद्को सार्वजनिक लेखा समितिले निर्देशन दिएको थियो । समितिले समयमै बेरुजु फरफारक गर्न, आर्थिक कारोबार गर्दा बेरुजु नराख्नेतर्फ ध्यान दिन, बेरुजु न्यूनीकरण र बाँकी रहेको बेरुजु फर्स्योट गर्न निर्देशन दिएको छ । सोही अवसरमा महालेखापरीक्षकको कार्यालयले धेरै कार्यालयको लेखापरीक्षण नभएको जानकारी दिएको थियो । संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदनअनुसार समयमा लेखापरीक्षण नगर्नेमा उदयपुर सिमेन्ट उद्योग, गोरखापत्र संस्थान, जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र, जनक शिक्षा सामग्री, नागरिक लगानी कोष, राष्ट्रिय बिमा कम्पनी, बिमा संस्थान, नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालि, नेपाल औषधि लिमिटेड, खाद्य संस्थान, खानेपानी संस्थान, नागरिक उड्डयन प्राधिकरण, नेसनल ट्रेडिङ लिमिटेड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडलगायत १५ संस्थान छन् ।

राष्ट्रिय विपद्को समयमा अत्यावश्यक वस्तुको वितरण, बजारमा हुनसक्ने कृत्रिम अभाव, कार्टेलिङ, सिण्डिकेट र कालोबजारी नियन्त्रण गर्न सार्वजनिक संस्थानले उल्लेख्य भूमिका खेल्नुपर्ने भए पनि उपभोक्ताको चाहनाअनुसार काम गर्न नसकेको गुनासो आउने गरेको छ । प्रतिवेदनअनुसार संस्थानमा सरकारले लगानी बढाउँदै गए पनि करिब एक दर्जन घाटामा छन् । सेयर तथा ऋण लगानी वृद्धि भए पनि प्रतिफल वृद्धि भने ऋणात्मक छ । संस्थानको प्रतिफल ०.४ प्रतिशतले ऋणात्मक रहेको छ । केही संस्थानले व्यवस्थापन र सञ्चालन खर्चसमेत व्यवस्था गरेका छैनन् । जनतालाई अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ र सुपथ मूल्यमा उपलब्ध गराउन स्थापना भएका सार्वजनिक संस्थानमा लगानीको तुलनामा मुनाफा निकै कमजोर छ । अर्थ मन्त्रालयको पछिल्लो प्रतिवेदनअनुसार संस्थानमध्ये ११ को घाटा एक अर्ब २५ करोड रूपैयाँ छ ।

अर्थ मन्त्रालयबाट प्रकाशित गरिएको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२ मा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०८०/८१ सम्म अस्तित्वमा रहेका ४५ संस्थानमध्ये २० वटा नेपाल सरकारको पूर्णस्वामित्वमा र २५ वटा अधिकांश स्वामित्व (नेपाल सरकार र नेपाल सरकारको स्वामित्व रहेका अन्य निकायहरूको ५० प्रतिशतभन्दा बढी स्वामित्वमा) रहेका छन् । ३२ वटा सार्वजनिक संस्थानमा नेपाल सरकारको ९० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व रहेको छ भने ३६ वटा संस्थानमा ६० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व रहेको छ । सामाजिक क्षेत्रका सबै (पाँचवटा) संस्थानमा नेपाल सरकारको पूर्णस्वामित्व रहेको छ । औद्योगिक क्षेत्रका दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, जनकपुर चुरोट कारखाना लिमिटेड र धौवादी फलाम कारखाना लिमिटेडमा नेपाल सरकारको सतप्रतिशत सेयर लगानी रहेको छ । नेपाल औषधि लिमिटेडमा नेपाल सरकारको ९९.०७ प्रतिशत र अन्य निजी क्षेत्रको ०.९३ प्रतिशत सेयर लगानी रहेको देखिन्छ ।

सार्वजनिक संस्थानको समग्र कार्यसम्पादनमा वस्तु तथा सेवाको मूल्य, गुणस्तर, माग र बजारमा प्रतिस्पर्धाको अवस्थाजस्ता तत्वहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने गर्दछन् । विश्व अर्थतन्त्रमा आएको परिवर्तन, अन्तरदेशीय युद्धजस्ता बाह्य कारणबाटसमेत सार्वजनिक संस्थानको कार्यसम्पादनमा प्रभाव परेको हुन्छ । विगत वर्षमाजस्तै समीक्षा अवधि आर्थिक वर्ष २०८०/८१ मा पनि यिनै आन्तरिक र बाह्य कारणले सार्वजनिक संस्थानको समग्र कार्यसम्पादनमा असर पर्न गएको छ । आर्थिक वर्ष २०७९/८० मा संस्थानको कूल सञ्चालन आय छ खर्ब ६१ अर्ब ६३ करोड ३८ लाख रूपैयाँ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ०.२२ प्रतिशतले कमी भई छ खर्ब ६० अर्ब १५ करोड ४६ लाख रूपैयाँमा सीमित भएको छ ।

आर्थिक वर्ष २०७९/८० को सार्वजनिक संस्थानको समग्र खुद नाफा ४८ अर्ब ९२ करोड २९ लाख रूपैयाँको तुलनामा १२.८८ प्रतिशतले घटेर आर्थिक वर्ष २०८०/८१ मा ४२ अर्ब ६२ करोड १६ लाख रूपैयाँ कायम भएको छ । यसरी नाफा घट्नुमा तुलनात्मक रूपले कारोबार र नाफा अंक उच्च रहेका नेपाल आयल निगम लिमिटेड र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नाफामा आएको गिरावटले मुख्य भूमिका खेलेको देखिन्छ । आव २०७९/८० मा ११ अर्ब ७२ करोड ३० लाख रूपैयाँ खुद नाफामा रहेको नेपाल आयल निगम लिमिटेड आर्थिक वर्ष २०८०/८१ मा नौ अर्ब ५५ करोड ४७ लाख रूपैयाँ नाफामा रहेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा दुई अर्ब १६ करोड ८३ लाख रूपैयाँले न्यून हो । त्यसैगरी, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७९/८० को खुद नाफा सात अर्ब ९२ करोड दुई लाख रूपैयाँको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा छ अर्ब २३ करोड एक लाख रूपैयाँमा सीमित हुन पुगेको छ । सार्वजनिक संस्थानको आर्थिक वर्ष २०८०/८१ सम्मको कूल सञ्चित नाफा १२ अर्ब ७२ करोड ३६ लाख रूपैयाँ पुगेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०७९/८० को ६५ अर्ब ७४ करोड ८२ लाख रूपैयाँको तुलनामा ४१.०३ प्रतिशतले बढी हो ।

आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक संस्थानको कूल सञ्चालन आय छ खर्ब ६० अर्ब १५ करोड ४६ लाख रूपैयाँ रहेको छ । सोही अवधिको कूल गार्हस्थ उत्पादनमा उक्त रकमको अनुपात ११.५७ प्रतिशत रहेको छ । यो अनुपात गत आर्थिक वर्षको तुलनामा ०.७२ प्रतिशत बिन्दुले न्यून हो । विगत पाँच वर्षको यस्तो अनुपात विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा यो अनुपात सबैभन्दा कम ९.७१ प्रतिशत रहेको पाइएको छ । कूल गार्हस्थ उत्पादनमा कूल सञ्चालन आयको अनुपात (११.५७ प्रतिशत) लगभग विश्वव्यापी तथ्यांक (११.३० प्रतिशत) सँग मिल्दो देखिन्छ । आव २०८०/८१ मा कूल गार्हस्थ उत्पादनमा सञ्चालन आयको अनुपात व्यापारिक क्षेत्रका सार्वजनिक संस्थानको सबैभन्दा बढी ६.५५ प्रतिशत र सामाजिक क्षेत्रका सार्वजनिक संस्थानको अनुपात सबैभन्दा कम ०.०५ प्रतिशत रहेको छ ।

निजीकरण भएका सार्वजनिक संस्थानमध्ये केही संस्थानको कार्यसम्पादनस्तर सन्तोषजनक रहेको र केही संस्थानको कार्यसम्पादनस्तर अपेक्षाकृत भएको देखिँदैन । निजीकरण भएका १८ वटा सार्वजनिक संस्थानमध्ये नौ वटा संस्थान नाफामा, एउटा घाटामा र आठ वटा बन्द रहेका छन् । सेयर बिक्री प्रक्रियाबाट निजीकरण गरिएका ११ वटा सार्वजनिक संस्थानमध्ये तीनवटा सार्वजनिक संस्थान बन्द रहेका र आठ वटा नाफामा सञ्चालन भइरहेका छन् । व्यवसाय वा सम्पत्ति बिक्री प्रक्रियाबाट निजीकरण गरिएका तीनवटै संस्थान हाल बन्द रहेको पाइएको छ । त्यस्तै, सम्पत्ति बिक्री वा भाडामा दिइएका तीनवटा सार्वजनिक संस्थानमध्ये एक नाफा र एक घाटामा सञ्चालित छ भने एक बन्द अवस्थामा रहेको पाइयो ।

सरकारी लगानी व्यवस्थापन गर्ने प्रक्रियाअन्तर्गत खारेज गर्ने निर्णय भएका १२ संस्थानमध्ये कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता खारेजी भई कानुनीरूपमा अस्तित्व समाप्त भएको छ । खारेज भएका संस्थानमध्ये कृषि औजार कारखाना लिमिटेड मन्त्रिपरिषद्को २०७९ भदौ ३१ को निर्णयानुसार राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिइएको छ भने अन्य सार्वजनिक संस्थान खरेजीको कानुनी प्रक्रिया पूरा हुन सकेको छैन ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार चालु आर्थिक वर्षको फागुनसम्म नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानको संख्या ४५ रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४४ रहेको थियो । २०८१ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको सेयर लगानी तीन खर्ब ६४ अर्ब ८६ करोड १६ लाख रूपैयाँ र ऋण लगानी तीन खर्ब ३९ अर्ब सात करोड ७२ लाख रूपैयाँ गरी कूल सात खर्ब तीन अर्ब ९३ करोड ८८ लाख रूपैयाँ पुगेको छ । २०८१ असार मसान्तमा सार्वजनिक संस्थानमा ३४ हजार ९५१ कर्मचारी कार्यरत रहेका छन् । २०८० असार मसान्तमा यस्तो संख्या ३२ हजार २१६ रहेको थियो ।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सार्वजनिक संस्थान व्यवस्थापनअन्तर्गत व्यवस्थापन स्वायत्तता, प्रविधि हस्तान्तरण तथा नवप्रवर्तनको माध्यमबाट सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गरिनुका साथै संस्थानहरूको व्यवस्थापन सुधार गर्न पुनर्संरचना, कम्पनीमा रूपान्तरण, रणनीतिक साझेदारी, विनिवेसलगायतका उपयुक्त विधि अवलम्बन गरिनुका साथै सार्वजनिक संस्थानको सरकारी लगानी व्यवस्थापन गर्दा जमिनको स्वामित्व नेपाल सरकारमा नै कायम राख्ने नीति लिइएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योगहरूलाई उपयुक्तताको आधारमा नवीन प्रविधिको प्रयोग गरी सञ्चालन तथा व्यवस्थापन गरिनुका साथै सार्वजनिक-निजी साझेदारीमा धौवादी फलाम कम्पनी सञ्चालन गरिने कार्यक्रम राखिएको छ ।

१६औं योजना (आव २०८१/८२-०८५/८६) मा सार्वजनिक संस्थानको कार्यकुशलता अभिवृद्धि गर्ने रूपान्तरणकारी रणनीतिअनुसार यस योजनामा सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी सरकारको अनिवार्य संलग्नता चाहिने तथा निजी क्षेत्र आकर्षित नहुने क्षेत्रका संस्थानमात्र सरकारले सञ्चालन गर्ने र अन्य संस्थानको सेयर स्वामित्वलाई पूर्ण वा आंशिकरूपमा विनिवेस गरी सरकारको व्ययभार घटाउने रणनीति राखिएको छ । संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्न रणनीतिक साझेदार भित्र्याउने र प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्त गरी कार्यसम्पादन सम्झौता गर्ने, संस्थानको व्यावसायिकता र कार्यकुशलता अभिवृद्धि गर्न नवीनतम् प्रविधि र कार्यपद्धति अवलम्बन गर्नेसमेत कार्यक्रम राखिएको पाइन्छ । समान उद्देश्य तथा कार्यप्रकृतिका संस्थानलाई आपसमा गाभ्ने, वित्तीय जोखिम बहन गर्न सक्ने बनाउन जोखिम व्यहोर्ने कोष स्थापना गर्ने र बन्द रहेका संस्थानहरूको पुनरुत्थान, खारेजी तथा सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने रणनीति राखिएको देखिन्छ ।

### सार्वजनिक संस्थानका चुनौती र समस्या

सार्वजनिक संस्थानले कारोबार गर्ने वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र विविधीकरणमार्फत बजार विस्तार गर्नुपर्ने छ । सार्वजनिक संस्थानबाट प्राप्त प्रतिफल बढाउन व्यवस्थापन सुधार गरी व्यावसायिकता र दक्षता बढाउनुपर्ने छ । संस्थानका अधिकांश कर्मचारीको कार्यक्षमता र उत्पादकत्व प्रतिस्पर्धी बजारको तुलनामा कमजोर रहेकाले यसलाई सुधार गर्नुपर्ने छ । संस्थान सञ्चालनमा संस्थागत सुशासनको प्रवर्द्धन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने छ ।

दैनिक प्रशासनिक खर्च र तलब भत्ताजस्ता अनिवार्य दायित्वका विषयमा सरकारको भर पर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ । अधिकांश संस्थानले सरकारबाट लगानी भएको ऋणको साँवा तथा सोको ब्याज लामो समयसम्म पनि फिर्ता नगरेकोले त्यसलाई नियमित गराउनुपर्छ । निजीकरण भएका अधिकांश संस्थानको आर्थिक अवस्था झन् कमजोर हुँदै गएकाले त्यसमा सुधार गरी आममानिसमा निजीकरणप्रतिको दृष्टिकोण सकारात्मक बनाउनुपर्ने छ । हाल सञ्चालनमा रहेका संस्थानको स्थिति अध्ययन गरी सरकारले सञ्चालन गर्नुपर्ने विनिवेस गर्नुपर्ने, सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्नुपर्ने, पूर्णरूपमा निजी क्षेत्रलाई सञ्चालन गर्न दिने तथा खारेज गर्न दिने तथा खारेज गर्नुपर्ने संस्थान वर्गीकरण गरी सोहीबमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

सार्वजनिक संस्थानलाई प्रभावकारीरूपमा सञ्चालन र व्यवस्थापन गर्न एकीकृत कानुन निर्माण गरी अनुगमन तथा मूल्यांकनको भरपर्दो संयन्त्र बनाउनु जरूरी छ । संस्थानको व्यावसायिक योजना र कार्यबोझको आधारमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको संख्या निर्धारण गर्नुपर्दछ । सरकारले संस्थानले व्यावसायिक योजनाका आधारमा मात्र आर्थिक र वित्तीय सम्भाव्यता देखिएका संस्थानमा लगानी गर्ने गरी छनोटमैत्री लगानी नीति अवलम्बन गर्दै जानु जरुरी छ । सम्भाव्य दायित्व र नोक्सानी बेहोर्न छुट्टै कोष खडा गरी राख्न आवश्यक रहेको छ । सार्वजनिक संस्थानमा देखिएको मुख्य समस्या नै जुन उद्देश्यको निम्ति संस्थानहरू स्थापना भएका हुन् ती उद्देश्यअनुरूप कार्यसम्पादन गर्न सकिरहेका छैनन् । अर्थात् संस्थानहरू आफ्नो उद्देश्यप्रति विमुख भएका छन् ।

संस्थान सञ्चालनको विधिमासमेत द्विविधा रहेको छ । संस्थान स्वायत्त संस्थाको रूपमा सञ्चालन हुने कि सरकारको नियन्त्रणमा रहने भन्नेमा स्पष्टता छैन । अर्थात् संस्थान सरकारको विभागजस्तो हुने वा व्यावसायिक संस्थाको रूपमा रहने भन्ने विषय सधैंजसो छलफलको रूपमा रहने गरेको छ । संस्थानको प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको छ । जुन-जुन क्षेत्रमा निजी क्षेत्र सक्रिय र सफल छ त्यो क्षेत्रमा संस्थानहरू बढी असफल भएका छन् । संस्थानहरूमा भएको ठूलो कर्मचारी संख्याका कारण संस्थानहरूको प्रशासनिक खर्च बढी हुने गरेको छ । सार्वजनिक संस्थानको स्थापनाको उद्देश्यका सम्बन्धमा सरकार तथा संस्थान स्वयं स्पष्ट हुनुपर्दछ ।

निजी क्षेत्रको विकासको अवस्था, बजारको प्रकृति तथा प्रतिस्पर्धाको अवस्थासमेतका आधारमा सरकारले सञ्चालन गर्नुपर्ने अवस्थामाबाहेक नयाँ सार्वजनिक संस्थान नखोल्ने नीति लिने र नेपाल सरकारले सार्वजनिक संस्थानमा गर्नुपर्ने लगानीलाई व्यवस्थित र प्रतिफलयुक्त बनाउन सार्वजनिक संस्थानमा सेयर तथा ऋण लगानी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । सार्वजनिक संस्थानका प्रमुख कार्यकारी अधिकृतको नियुक्तिलाई निष्पक्ष र योग्यतामा आधारित बनाई योग्य तथा अनुभवी व्यक्तिलाई छनोट गरी सिफारिस गर्न एकीकृत नमूना छनोट कार्यविधि तर्जुमा गर्नुपर्छ । सार्वजनिक संस्थानलाई क्रमशः सीमित दायित्वका लिमिटेड कम्पनीमा परिणत गर्दै जाने नीति लिनु आवश्यक छ ।

*(लेखक अधिवक्ता तथा भक्तपुर क्याम्पसका अवकाशप्राप्त सहप्राध्यापक हुन्)*

# गुन्द्री र पिर्कामा बसेर जनताको सेवा



■ चन्द्रकला भण्डारी

**झापा–** मेचीनगर नगरपालिका-४ को कार्यालय पुग्दा वडाध्यक्ष अर्जुन कार्कीलाई कुर्सीमा होइन, गुन्द्री र पिरा(पिर्का)मा बसेको देख्न पाइन्छ । निर्वाचित भएदेखि अहिलेसम्म उनले कार्यालयमा रहँदा कुर्सी प्रयोग गर्नु भएको छैन । 'म आफू गुन्द्री र पिरामै बस्छु, पाहुनालाई पनि त्यसमै बसाउँछु,' वडाध्यक्ष कार्की भन्छन् । उनले आफ्नो कार्यकक्षमा एउटा पनि कुर्सी राखेका छैनन् । ग्रामीण पहिचान झल्काउन र रैथाने संस्कृतिको जगेर्ना गर्न कार्यकक्षलाई गुन्द्री र पिराले सजाउनुपरेको उनको आफ्नै तर्क छ ।

वि.सं. २०७९ मा नेकपा एमालेबाट वडाध्यक्ष निर्वाचित भएर वडा कार्यालयमा प्रवेश गर्दा पहिलो निर्णय गुन्द्रीमै बसेर गरेका थिए । देख्ने र सुन्ने धेरैले 'वडाध्यक्षको ढर्रा धेरै लामो नटिक्ने' टिप्पणी गरेका पनि थिए । तर, उनले गुन्द्री र पिरामा बसेर वडाबासीको सेवा गर्ने इच्छालाई गफमा होइन, व्यवहारमा निष्ठापूर्वक पालना गरेर देखाएका छन् । एक वर्षअघि कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्की झापाको बाहुनडाँगीदेखि उदयपुरसम्मको 'हात्तीमैत्री लङमार्च' उद्घाटनका लागि मेचीनगर-४ को कार्यालय पुग्दा वडाध्यक्ष कार्की परालको गुन्द्रीमा बसेको देखेर अचम्भित भएका थिए ।

वडाध्यक्ष कार्कीले विशिष्ट पाहुनाको रूपमा आएका तत्कालीन मुख्यमन्त्री कार्कीलाई पनि मकैको खोसेलाबाट बनाइएको पिरामा बसाएर भलाकुसारी गरे । मेची नदीको किनारमा लङमार्चको उद्घाटन हुँदासमेत सबै अतिथिलाई मञ्चमा बस्नका लागि पिराको व्यवस्था गरिएको थियो । आखिर वडाध्यक्ष कार्कीले कुर्सीको साटो गुन्द्री र पिरा नै किन रोजे ? वडा कार्यालयमा पहिलोपटक पुग्ने जो कोहीलाई जिज्ञासा लाग्न सक्छ । 'लोप हुँदै गएका हाम्रा रैथाने संस्कृति र परम्पराको जगेर्ना गर्दै ग्रामीण पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्य हो,' गुन्द्री र पिराप्रतिको मोहबारे उनी भन्छन्, 'मेरो कार्यकालभरि यही परम्परा कायम राख्ने छु । कुर्सी र सोफामा बसेर कार्यालय चलाउँदिन । म जनताको सेवा गर्न आएको सेवक हुँ । कुर्सीमा बसेर शासन गर्न आएको होइन ।'

जनताको सेवा गर्न जनप्रतिनिधि भएर चुनिएको हुँदा सुख र सुविधामा आफ्नो ध्यान नगएको उनको तर्क छ । वडाध्यक्ष निर्वाचित हुनु अघिदेखि नै कार्की प्रकृतिप्रेमी, ग्रामीण पर्यटन अभियन्ता र वन्यजन्तु संरक्षण अभियन्ताको रूपमा चिनिएका थिए । अहिले उनी 'अर्ग्यानिक वडाध्यक्ष'को रूपमा परिचित भएका छन् । उनका हरेक कार्यक्रम र योजना अर्ग्यानिक छन् । उनको अगुवाइमा वडामा हरेक वर्षको माघ १ गते 'तरुल महोत्सव'को आयोजना हुन्छ ।

उनले चुनावमा भोट माग्न जाँदा मोटर गाडी होइन, लोप भइसकेको राँगागाडी चढेर चर्चा पाएका थिए । वडामा फूल फुल्ने प्रजातिका एक लाख बिरुवा हुर्काउने उनको महत्त्वाकांक्षी योजना छ । उनको विकासे कार्यक्रमको एउटा नाम 'घरलौरी, तोरीमौरी' राखेका छन् । भारतबाट हात्तीको बथान नेपाल प्रवेश गर्ने मेची नदीको बगरलाई उनले आकर्षक रूपमा सजाएर 'प्रकृति पार्क' बनाएका छन् । हात्तीको प्रतिमा र कलात्मक ढुंगे धाराले सजाइएको पार्कमा नेपाल र भारतका पर्यटक आउने गर्छन् । 'परालको गुन्द्रीमा बसेर वडाबासीको निवेदनमा तोकादेश गर्ने यस्ता अर्ग्यानिक वडाध्यक्ष मुलुकको अर्को ठाउँमा पाइन्न,' मेचीनगर-४ स्थित निरौला कृषि तथा पशुपालन प्रालिका सञ्चालक केवल निरौला भन्छन्, 'झट्ट सुन्दा र उहाँको कार्यशैली हेर्दा पुरातनजस्तो लाग्छ । तर, यो अर्ग्यानिक अभियानले सिंगो वडालाई ग्रामीण पर्यटनको उत्कृष्ट थलोको रूपमा चिनाउन मद्दत पुगेको छ । उहाँका हरेक कार्यक्रम पर्यावरणमैत्री छन् ।'

मेचीनगर नगरपालिका-४ को वडा कार्यालय पुग्ने पाहुना उनको कला, संस्कृति र पर्यावरणप्रतिको लगाव देखेर उत्प्रेरित हुने गरेका छन् । आफ्नो कार्यकक्षमा आउने पाहुनालाई उनी बेलचाना (औषधीय गुण भएको वनस्पति) को चिया चखाउँछन् । उनी कार्यालयमा बसेर भुटेको मकै र गुन्द्रुकको अचार खाजाको रूपमा खान्छन् ।

पलेटी कसेर परालको गुन्द्री र पिरामा बसेर साक्षात्कार गर्नुपर्ने वडाध्यक्षको कार्यकक्ष देख्दा सुरुमा आफूलाई आश्चर्य लागेको इलामका पर्यटन अभियन्ता केशवकुमार द्यौरालीले सामाजिक सञ्जालमा लेखेका छन् । 'उहाँको कार्यकक्षमा सोफा र कुर्सी होलान् भन्ने मेरो सोझो अनुमान थियो,' वडाध्यक्षको कार्यकक्षमा पहिलोपटक पुग्दाको अनुभव लेख्दै द्यौराली भन्छन्, 'तर वास्तविकता अर्कै थियो । वडाध्यक्ष त पिरा र गुन्द्रीमा बसेर वडाबासीसँग कुराकानी गरिरहनुभएको थियो । परम्परागत वस्तुबाट निर्मित रैथाने सामानको प्रयोगले स्थानीय उत्पादन र पर्यटकको प्रवर्द्धन भएको पाएँ । स्थानीयले आयआर्जन गर्न पाएका रहेछन् । उहाँको जस्तो सोचले नै अर्ग्यानिक समृद्धिको बाटोमा हिँड्न सहयोग पुग्छ ।'

उनको वडाबासी नेपालमै सबैभन्दा बढी हात्ती प्रभावित छन् । साविक बाहुनडाँगीको एउटा हिस्साको रूपमा रहेको उनको वडामा हरेक दिन भारतबाट मेची नदी तरेर १०० वटासम्म जंगली हात्ती आउँछन् । दिनभर भारतको जंगलमा बसेर राति भएपछि आहाराको खोजीमा नेपाल भित्रिने पहिलो स्थान नै उनको वडा क्षेत्र हो ।

मानव र हात्तीको द्वन्द्वका कारण विगत तीन दशकमा उनको वडाका दर्जनौंले ज्यान गुमाउनुपरेको छ भने करोडौंको धनमाल क्षति भएको छ । तैपनि उनी हात्तीलाई मारेर होइन, सहअस्तित्वका माध्यमबाट द्वन्द्वको अन्त्य गर्न सकिन्छ भन्ने मान्यतामा अडिग छन् । हात्तीसँग भिडेर होइन, सहअस्तित्व र मैत्रीपूर्ण माध्यमबाट मानवीय जनधनको क्षति हुनबाट जोगाउन सकिन्छ भन्ने अवधारणालाई लागू गराउने यस क्षेत्रकै पहिलो अभियन्ताको रूपमा वडाध्यक्ष कार्की चिनिन्छन् ।

हात्तीले किसानको बालीमा नोक्सानी गर्‍यो भने वडाले क्षतिपूर्ति दिने व्यवस्था मिलाएका छन् । हात्तीलाई जिस्काउन, तर्साउन र आतंकित पार्न हुँदैन भन्ने हात्तीमैत्री अवधारणा गाउँमा बुझाउन उनले ठूलो हैरानी खेप्नु परिरहेको छ । यही अवधारणा पालना भएका कारण २०७५ सालयता बाहुनडाँगी क्षेत्रमा हात्तीबाट कुनै मानवीय क्षति भएको छैन । प्रकृतिमैत्री कार्यमा पुर्‍याएको योगदानको कदर गरेर विश्व वन्यजन्तु कोषले दुई साताअघि उनलाई ५० हजार रूपैयाँ पुरस्कारसहित सम्मान गरेको थियो । पुरस्कारबापत प्राप्त रकम उनले हात्ती प्रभावित बासिन्दाको हितमा प्रयोग गर्ने गरी कोषमा प्रदान गरेका छन् ।

बाल्यकाल गाउँमै बिते पनि सामान्य परिवारको कार्की उच्च शिक्षा अध्ययनका लागि काठमाडौं गएका थिए । काठमाडौंमा छँदा उनले साहित्य, कला र पर्यावरणको गहिरो अध्ययन गरे । उनी कुशल बाँसुरीवादकको रूपमा पनि परिचित छन् । उनका पर्यावरण जागरणसम्बन्धी लेखरचना विभिन्न पत्रपत्रिकासमेतमा प्रकाशित छन् ।

मुलुकमा लोकतन्त्रको स्थापनासँगै काठमाडौंमा उच्च शिक्षा पूरा गरेपछि उनी गाउँको मायाले डोर्‍याएर युवा उमेरमा बाहुनडाँगी फर्किए । गाउँमा उनले सामाजिक सेवा सुरु गरे । 'गाउँको त्यसबेलाको अवस्था दयनीय थियो,' उनी गाउँको पुरानो अवस्थालाई सम्झँदै भन्छन्, 'जंगली हात्ती र मान्छेबीच झडप नभएको कुनै दिन हुँदैनथ्यो । युवा पुस्ता सही मार्गनिर्देशन पाउन नसकेर दिग्भ्रमित भइरहेका थिए । आफ्नो गाउँलाई परिवर्तन गर्ने सोचका साथ म जागिर खाने र विदेश जाने सोच त्यागेर गाउँ फर्किएको हुँ ।' *रासस*



**खेलमैदान जोगाउन श्रमदान** | दाङको बबई गाउँपालिका-१ स्थित गंगटेमा स्थानीयले श्रमदानबाट सरस्वती जनता माध्यमिक विद्यालयको खेलमैदानलाई जोगाउन तटबन्ध गर्दै । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# खाद्य गुणस्तर कायम नगर्ने ४७ व्यापारीविरूद्ध मुद्दा

**बागमती (प्रस)–** खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले पछिल्लो २२ महिनामा ४७ जना व्यवसायीविरुद्ध मुद्दा दायर गरेको छ । कार्यालय र मातहतका विभिन्न डिभिजन कार्यालयबाट गरिएको अनुगमन तथा संकलित नमूनाको परीक्षणबाट देखिएको कैफियतका आधारमा उनीहरूविरुद्ध मुद्दा दायर गरिएको हो ।

कार्यालय प्रमुख काशीनाथ घिमिरेका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ गरिएको अनुगमन तथा संकलित नमूनाको परीक्षणबाट देखिएको कैफियताका आधारमा तीन जना व्यवसायीविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत मुद्दा दायर गरिएको हो ।

उक्त कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ४४ जना व्यापारीविरुद्ध मुद्दा दायर गरेको थियो । अनुगमनका क्रममा संकलन गरिएको नमूना परीक्षणका क्रममा स्वास्थ्य प्रतिकूल हुनेगरी मिसावट गर्ने, म्याद गुज्रेको समान बिक्री गर्ने व्यवसायीविरुद्ध सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरिएको प्रमुख घिमिरेले जानकारी दिए ।

आव २०८१/८२ मा सो कार्यालयले खाद्य अनुज्ञापत्र सिफारिस, जारी तथा नवीकरण ४८३ वटा, दाना अनुज्ञापत्र सिफारिस जारी तथा नवीकरण १८ वटा, ऐनबमोजिम खाद्य तथ दाना नमूना संकलन ९० वटा र खाद्य स्वच्छता सर्भिलेन्सका लागि १८३ संकलन गरी नमूना विश्लेषण गरिएको प्रमुख घिमिरेले बताए ।

नमूना विश्लेषण गर्दा प्रतिकूल आएका ८५ नमूनालाई नियामनुसार कानुनी प्रक्रियाअघि बढाउने, पुनःजाँच गराई मापदण्डअनुरूप सुधार गर्न लगाउने तथा व्यवसायीलाई सजग गराई प्रतिबद्धता गर्न लगाइएको प्रमुख घिमिरेको भनाइ छ ।

सो अवधिमा गरिएको अनुगमन, निरीक्षण तथा न्यायिक निकायबाट फैसला कार्यान्वयनका क्रममा उपभोग्य अवधि समाप्त भएका, लेवल विवरण नभएका, सडेगलेकालगायतका अखाद्य भएका ११ लाख ३३ हजार रूपैयाँ मूल्यबराबरका वस्तुहरू जफत गरी सरोकारवालाको रोहबरमा नष्ट गरिएको प्रमुख घिमिरेको भनाइ छ ।

होटल तथा रेस्टुरेण्टको स्तरीकरण गर्न जनप्रतिनिधि, होटल व्यवसायी तथा सञ्चारकर्मीको रोहबरमा सौरहालगायतका स्थानमा सञ्चालित १३ वटा होटल तथा रेस्टुरेण्टलाई स्तरीकरण तथा लोगो वितरण गरिएको छ । उक्त कार्यालयले विभिन्न कार्यक्रम गरी जेठ १८ गतेदेखि २४ गतेसम्म विश्व खाद्य स्वच्छता दिवससमेत मनाएको थियो ।

# बजेट अभावमा विद्यालय भवन अधुरो

**राँझा (बाँके)–** राप्ती सोनारी गाउँपालिका-९ ढकेरीस्थित गणेश माध्यमिक विद्यालयको निर्माणाधीन भवन पर्याप्त बजेट नहुँदा अधुरो छाडिएको छ । लुम्बिनी प्रदेश सरकारको २० लाख रूपैयाँको लागतमा दुई कोठे भवन निर्माण थालिएकामा रकम अपर्याप्तताका कारण अधुरै रहेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिप्रसाद रेग्मीले बताए ।

'कक्षाकोठा अभाव भएकाले प्रदेश सरकारको सहयोगमा काम थालियो तर पर्याप्त पैसा नहुँदा भवन बनाउन सकिएको छैन,' अध्यक्ष रेग्मीले भने, 'भवन नहुँदा विद्यार्थी टिनको छानामुनि पढ्न बाध्य छन् ।' कक्षा १२ सम्म पढाइ हुने यो विद्यालयमा हाल ४४० विद्यार्थी अध्ययनरत छन् ।

तराईको गर्मीमा टिनको छानामुनि पढ्नुपर्ने बाध्यताबाट बालबालिकालाई मुक्त गर्न आफूहरू क्रियाशील रहेको राप्ती सोनारी गाउँपालिका वडा नं ९ का वडाध्यक्ष सोहनलाल थारुले बताए । दाता तथा सरकारी निकायसँग भवन पूरा गर्न आवश्यक रकमको व्यवस्थाका लागि आफू लागिपरेको उनले बताए । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : GISSAH FOR PERFUMES, TEEB, AND OUD COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 325436 | चलानी नं. ६०२३९४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Helpers | 10 | 10 | 150 | ६६,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD

Govt. License No. 1613/079/080 — Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**युएइमा रोजगार** कम्पनी : JIARUN CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 325496 | चलानी नं. ६०२३९४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 22 | 0 | 800 | २९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647

Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

**कुवेतमा रोजगार** कम्पनी : Mughal Mahal General Trading & Contracting Co. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 305296 | चलानी नं. ६०२२००००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook / Assistant Chef | 1 | 0 | 150 | ६६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 0 | 1 | 200 | ८८,८३५ | | | | | | | |
| 3 | Helpers (Construction) | 0 | 1 | 120 | ५३,३०० | | | | | | | |
| 4 | Hostess | 0 | 1 | 150 | ६६,६२५ | | | | | | | |
| 5 | Kitchen Tool Cleaner | 1 | 0 | 180 | ७९,९५० | | | | | | | |
| 6 | Waiter/hotel Service | 5 | 0 | 120 | ५३,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.

Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६

को

**बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना**

**(प्रकाशित मिति २०८२/०२/३० गते)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित बैंकिङ्ग सम्पति (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

**तपसिल**

**बैंकिङ्ग सम्पतिको विवरण**

**केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ**

**प्राइम कमर्सियल बैंक लि.को** नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लागतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १ स्थित कित्ता नं ४१०६, ४१०८ र २६७८ को क्रमशः क्षेत्रफल ०-०-३-३, ०-०-२-२ र ०-४-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**बैंकिङ्ग सम्पति बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०२/३० गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८२/०३/०५ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०३/०६ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी बैंकिङ्ग सम्पति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. बैंकिङ्ग सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# प्रभाव दैनिक

शुक्रबार, ३० जेठ, २०८२ (Friday, June 13, 2025)

## रूपशाला

### 'अञ्जिला' अब सय रूपैयाँमा हेर्न पाइने

गत वर्षको फागुन २९ गते रिलिज भएको फिल्म 'अञ्जिला' प्रदर्शनको एकसय दिन नजिक पुगेको छ । बिहिबारबाट प्रदर्शनको ९२औँ दिनमा प्रवेश गरेको फिल्म क्युएफएक्स चेनको सामाखुसीस्थित सिटी स्क्वायर मलमा नियमित प्रदर्शन हुँदै आएको छ । फिल्मले एकसय दिन मनाउँदै गर्दा निर्माता प्रेमकुमार श्रेष्ठले दर्शकलाई सहुलियतमा देखाउने तयारी गरेका छन् । उनले अब दर्शकलाई एकसय रूपैयाँमै फिल्म हेर्ने सहुलियत दिन लागेको बताए । 'दर्शक स्वतःस्फूर्त रूपमा निरन्तर आइरहनु भएको छ । तर, सय दिन पुग्न लागेको समयमा क्युएफएक्सले सहुलियतमा फिल्म देखाउने भनेको छ । यसमा हामीले पनि समर्थन गरेका छौँ' उनले थपे ।




# खुमनलाई दशक संगीत सम्मान



समृद्ध कला क्षेत्र बनाउन सम्पूर्ण स्रष्टा कलाकारको योगदान रहेको बताउँदै सम्पूर्ण प्रायोजक, सल्लाहकार, अतिथिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

त्यस्तै कार्यक्रममा विशिष्ट गीतकार निर्देशक यादव खरेललाई दीर्घ साधना सम्मान अर्पण समेत गरिएको थियो ।

औपचारिक रूपमा २०६३ सालदेखि गीत संगीतमा सक्रिय रहेका अधिकारीले हालसम्म १० हजार बढी गीतमा स्वर दिइसकेका छन् । कुनै समय दिनको १४ वटासम्म गीत रेकर्ड गराएका अधिकारीले प्रविधिको विकाससँगै समाज परिवर्तन भएको समेत बनाए ।

पछिल्लो समयमा सांगीतिक क्षेत्रमा प्रतिभा भन्दा पनि आर्थिक हैसियत हाबी हुन थालेको महसुस गरेका छन् । त्यसैले त्यस कुरामा सांगीतिक क्षेत्रमा स्थापित एवं पुराना सर्जक एवं कलाकारहरूले ख्याल गर्नुपर्ने बताउँछन् ।

विशेष गरी पश्चिमेली लोकलयमा आधारित गीतहरूलाई प्राथमिकता दिने गरेका अधिकारीले दर्जनबढी काँठ क्षेत्रका भाकाहरूमा पनि स्वर दिएका छन् । लोकगीतका अलवा अधिकारीले कौडा, भजन, सेलो, रोइला, पञ्चेबाजा जस्ता सांस्कृतिक गीतहरूमा पनि स्वर दिएका छन् ।

२०६३ सालमा बजारमा आएको 'मनको देउतैले नरोउ भन्ने हजारौं भेटियो, रुवायो एउटैले' बोलको गीतले बजारमा चिनाएको बताउने अधिकारीका दर्जनौं गीतहरू लोकप्रिय एवं दर्शकको मनमा बसिरहेका छन् । अधिकारीका जोर शंख फुकेर, बिन्ती मेरो कोटीकोटीमा, रुमाल चिनो लैजाउ बैनालाई, एउटै डोरी पासो लगाम भो, सिलाई दिउँला भोटो, कपाल कोर्ने कोइँयो, स्याङ्जालीलाई नभन जालीलगायतका दर्जनौं गीतहरू लोकप्रिय छन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय उपाध्यक्ष समेत रहेका अधिकारी सरकारले कलाकारहरूलाई उचित संरक्षण र स्थान नदिएको बताउँछन् । उनी राजनीतिक दलहरूका कारण जनतानै पिछ्डिनुपरेको अवस्थामा कलाकारमात्र त्यसबाट अछुतो रहन नसकेको बताउँछन् । कुनै पनि व्यक्तिले कलाकारितालाई पेशा नै बनाएको अवस्थामा जीवनको उत्तरार्द्धमा सिर्जना गर्न नसक्दा जीवन कसरी चलाउने भन्ने प्रश्नले डेरा जमाउने गरेको बताउँदै वैकल्पिक पेशामा लाग्न, विदेशिन बाध्य हुने गरेको पनि जनाएका छन् । त्यसैले सुरक्षित भविष्यका लागि सरकारले कलाकारहरूलाई उचित सुविधा दिनुपर्ने बताउँछन् ।

गायक अधिकारी आफ्नो प्रस्तुतीका लागि नेपाली रहेका अधिकांश देशमा पुगिसकेका छन् । विशेष गरी स्वदेशका कुनै मेला महोत्सवहरूमा नछुट्ने गरेका गायक अधिकारी जापान, अस्ट्रेलिया, बेलायत, युएई, कतार, मलेशिया, भारत, कुवेतलगायतका दर्जनौं देशमा प्रस्तुति दिइसकेका छन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित लोकगायक खुमन अधिकारी दशक संगीत सम्मानबाट सम्मानित भएका छन् ।

१२ औं म्युजिक खबर म्युजिक अवार्ड - २०८१ का अवसरमा लोकगायक अधिकारीलाई दशककै संगीत अवार्डबाट सम्मानित गरिएको हो । म्युजिक खबर अवार्डका सल्लाहकार राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा गायक अधिकारीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेले सम्मानित गरेका थिए ।

कार्यक्रममा मन्त्री पाण्डेले 'कल्चर फर टुरिजम'को नारा लिएर म्यूजिक खबरले १२ वर्षसम्म गरेको अवार्ड तथा सम्मानको कार्य सह्रानीय भएको भन्दै सरकारले गर्न नसकेको काम व्यक्तिले गर्नु विशिष्ट कार्य भएको बताएका थिए । कार्यक्रममा अध्यक्ष सुमन पण्डितले स्वागत मन्तव्य दिँदै अवार्डलाई सम्मानित र मर्यादित बनाउँदै लैजान सम्पूर्ण कला क्षेत्र लाग्नुपर्ने बताए ।

अवार्डले कला क्षेत्रको सम्बर्द्धन, प्रबर्द्धनका निम्ति म्यूजिक खबरको निरन्तर यात्रा अगाडि बढिरहेको हुँदा अवार्ड र सम्मानले अझै उर्जा प्रदान गर्ने बताए ।



# मीरा राणासहितका ४ जनालाई 'प्रेमध्वज प्रधान संगीत' पुरस्कार



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा संगीतकार प्रेमध्वज प्रधानको ८९औं जन्मजयन्ती उनकै जन्मस्थल सिन्धुपाल्चोकको चौतारामा मंगलबार मनाइएको छ । गोल्डेन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानद्धारा आयोजित कार्यक्रममा ४ संगीतकर्मीलाई नगदसहित सम्मान प्रदान गरियो । नगद १ लाख १ रूपैयाँसहित प्रेमध्वज प्रधान राष्ट्रिय सङ्गीत सम्मान २०८२ बाट गायिका मीरा राणालाई सम्मान गरियो ।

गायिका राणा कार्यक्रममा सहभागी हुन नसकेपछि सो सम्मान उनको भाई विजेन्द्र मिश्रलाई प्रदान गरिएको थियो । प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यवादन सम्मानबाट वाद्य संगीत निर्देशक मोहनकृष्ण कार्की ढलीलाई नगद ५० हजार रूपैयाँसहित पुरस्कृत गरियो । प्रेमध्वज प्रधान राष्ट्रिय युवा संगीत पुरस्कार २०८२ बाट गायक सुरजकुमार थापालाई नगद ५० हजार रूपैयाँसहित सम्मान गरियो । प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा संगीत सम्मान सिन्धुपाल्चोकका गायक चन्द्रसिंह घलेलाई नगद २५ हजार रूपैयाँसहित प्रदान गरियो ।

प्रतिष्ठानकी संस्थापक अध्यक्ष तथा गायक प्रधानकी पत्नी किरण प्रधान, प्रमुख अतिथि चौतारा सांगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा, नगरपालिकाकी उपप्रमुख सीता थापा, गीतकार तथा कवि दिनेशहरि अधिकारी, गायिका तीर्थ थापाले प्रदान गरे । प्रतिष्ठानकी कोषाध्यक्ष तथा प्रेमध्वजकी भाञ्जी भुवन मास्केले चौतारावासीको तर्फबाट गरिएको सम्मान ग्रहण गरेकै हलमा आएर कार्यक्रम गरिएको जनाउँदै खुसी व्यक्त गरिन् ।

गीतकार अधिकारीले प्रेमध्वजको व्यक्तिगत तथा सांगीतिक जीवनबारे चर्चा गर्दै प्रधान व्यक्तिको रूपमा पनि निकै सरल र असल स्वभावको रहेको बताए । उनले सिन्धुपाल्चोकका विद्यार्थी प्रेमध्वजको बारेमा विद्यावारिधी गर्नुपर्ने चर्चा गर्दै चौताराको कुनै स्थल प्रेमध्वजको नाममा नामाकरण गर्न, प्रेमध्वजको नाममा छात्रवृत्ती र पुरस्कार स्थापना गर्नसमेत स्थानिय सरकारलाई आग्रह गरे ।

नगर प्रमुख सापकोटाले प्रेमध्वज राष्ट्रिय विभूतिका साथै सिन्धुका नीधि भएको चर्चा गर्दै उनको नाममा चोक, चौतारा निर्माण गर्न वा उनको योगदानको कदर गर्न कन्जुस्याई नगर्ने बताए । कार्यक्रममा गायक सुरजकुमार थापा, चन्द्रसिंह घले र रोशन श्रेष्ठले प्रेमध्वजका गीत प्रस्तुत गरेका थिए । स्थानिय वनदेवी माविका छात्रछात्राले नृत्य प्रस्तुत गरेका थिए ।

गायक प्रधानको २०७८ सालमा निधन भएको थियो । प्रधानको नाममा उनको परिवारले २०७९ सालमा गोल्डेन भ्वाइस प्रेमध्वज स्मृती प्रतिष्ठानको स्थापना गरेको हो । जसले प्रेमध्वजको जन्मजयन्तीको अवसर पारेर प्रत्येक दुई वर्षमा नेपाली सुगम संगीतमा साधनारत संगीतकर्मीलाई सम्मान गर्दै आएको छ ।

## रंगशाला

# नेपाल र वेस्ट इन्डिजबीच टी–२० खेल हुने

**खेल तालिका**

**पहिलो खेल : २७ सेप्टेम्बर २०२५**
**दोस्रो खेल : २८ सेप्टेम्बर २०२५**
**तेस्रो खेल : ३० सेप्टेम्बर २०२५**

**काठमाडौं (प्रस)–** नेपालले वेस्ट इन्डिजसँग ऐतिहासिक टी-२० शृंखला खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले एक प्रेस विज्ञप्ति जारी गर्दै नेपाल र वेस्ट इन्डिजबीचको ऐतिहासिक टी-२० अन्तर्राष्ट्रिय सिरिजको घोषणा गरेको छ । नेपालले दुईपटकको टी-२० विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्न लागेको यो पहिलो पटक हुनेछ ।

आगामी सेप्टेम्बरमा यूएईको शारजाहमा टी२० शृंखला हुनेछ । क्यानले वार्षिक क्यालेन्डरमा नै सेप्टेम्बरमा टेस्ट राष्ट्रसँग टी२० आई शृंखला खेल्ने कुरा समावेश गरेको थियो ।

यो सिरिज नेपाल क्रिकेटको लागि ऐतिहासिक मात्र नभई भविष्यका टी-२० विश्वकप एसिया छनोट को तयारीमा समेत महत्वपूर्ण मानिएको छ । विश्वकप छनोट यूएईकै छिमेकी देश ओमानमा अक्टोबरमा हुँदैछ । क्यानले वेस्ट इन्डिज क्रिकेट बोर्ड र एमिरेट्स क्रिकेट बोर्डलाई यस ऐतिहासिक श्रृंखलामा सहकार्य गरेकोमा धन्यवाद दिएको छ । यसअघि गत वर्ष वेस्ट इन्डिजको ए टोली नेपालमै आएर टी-२० शृंखला खेलेको थियो ।

**साफ यू-२० महिला च्याम्पियनसिप**

# नेपालको पहिलो खेल भुटानसँग

**काठमाडौं (प्रस)–** बंगलादेशमा आउँदो जुलाइ ११ देखि सुरु हुने साफ यू-२० महिला च्याम्पियनसिप २०२५ को तालिका सार्वजनिक भएको छ । चार राष्ट्र मात्र सहभागी प्रतियोगिता डबल राउन्ड रोबिन लिगमा खेलाइनेछ जहाँ पहिलो खेलमा नेपालले भुटानसँग खेल्नेछ ।

जुलाइ २१ सम्म बशुन्धरा किंग्स एरिनामा हुने प्रतियोगितामा सबै टोली एकअर्कासँग दुईपटक प्रतिस्पर्धा गर्नेछन् । नेपालले पहिलो खेल ११ जुलाईमा भुटानसँग राति ७ बजे खेल्नेछ। दोस्रो खेलमा नेपालले १३ जुलाई मा बंगलादेशसँग राति ७ बजे प्रतिस्पर्धा गर्नेछ । त्यसपछि नेपालले १५ र १७ जुलाईमा श्रीलंकासँग तथा १९ जुलाईमा भुटान र २१ जुलाईमा बंगलादेशसँग खेल्ने छ । अन्तिम खेल पछि सबैभन्दा धेरै अंक ल्याउने टोली च्याम्पियन बन्नेछ ।


**युएइमा रोजगार** — कम्पनी : AL TAQADDAM MANAGEMENT OF FACILITIES

पूर्व स्वीकृति मिति : २०८२/०२/२८ | LT. No. 325491 | चलानी नं. ६०२३९४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Male | 8 | 0 | 800 | २९,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303
श्रम ईजाजत नं. ५४२/०६१/०६२

**कुवेतमा रोजगार** — कम्पनी : AL-ZOMROUDA COMPANY FOR FOOD SUPPLIES

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 319928 | चलानी नं. ६०२३४११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 150 | ६६,६२६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General | 5 | 0 | 160 | ७१,०७० | | | | | | | |
| 3 | Waiters | 5 | 0 | 150 | ६६,६२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** — कम्पनी : ALWAFA FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 318344 | चलानी नं. ६०२३२६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Cleaner | 147 | 0 | 800 | २९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

**कुवेतमा रोजगार** — कम्पनी : DE SPA CITO HEALTH INSTITUTE COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 303998 | चलानी नं.६०२१८८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spa Therapist | 10 | 0 | 150 | ६६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम ईजाजत नं. १६६५/०८०/८१

**युएइमा रोजगार** — कम्पनी : JIARUN CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325395 | चलानी नं. ६०२३९४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arc Welders | 4 | 0 | 1300 | ४८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Paint Metals | 2 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 3 | Brick Mason | 2 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 4 | Bricklayer | 3 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 5 | Building Painter (Wall Painter) | 4 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 6 | Concrete Machine Operator | 3 | 0 | 1500 | ५५,५१५ | | | | | | | |
| 7 | Drilling Operator | 4 | 0 | 1500 | ५५,५१५ | | | | | | | |
| 8 | Elevator Electrician | 3 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 9 | Mechanic Assistant | 2 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 10 | Monitoring & Control Panels Electrician | 4 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 11 | Oxygen Welder | 6 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 12 | Oxygen Welder Assistant | 3 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 13 | Pipe Insulator | 4 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 14 | Plumber Assistant | 4 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 15 | Sheet Metal Worker | 4 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 16 | Spray Painter | 3 | 0 | 1300 | ४८,११५ | | | | | | | |
| 17 | Worker / Labourer | 2 | 0 | 1000 | ४८,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

**साउदीमा रोजगार** — कम्पनी : SUHA ALI ABD RABBUH SALIM TRAVEL and TOURISM EST

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 325437 | चलानी नं. ६०२३९४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1200 | ४३,४८३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1300 | ४७,१०७ | | | | | | | |

कम्पनी : BRUGE ALDAMMAM GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०२/२८ | LT. No. 325438 | चलानी नं. ६०२३९४१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 10 | 0 | 1000 | ३६,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIMAZ ALI RAMI EST

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ | LT. No. 325439 | चलानी नं. ६०२३९४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६५,२२४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 3 | 0 | 1000 | ३६,२३६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ६ गते (20th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

# लण्डन जाँदै गरेको २४२ यात्रु सवार विमान भारतमा दुर्घटनाग्रस्त



**अहमदाबाद (भारत)–** भारतको पश्चिमी सहर अहमदाबादमा बिहीबार लण्डनका लागि उडेको एयर इण्डियाको यात्रुवाहक विमान दुर्घटना भएको छ । विमानमा २४२ यात्रु सवार रहेको उड्डयन अधिकारीहरूले बताएका छन् । एयरलाइन्सले यसलाई 'दुःखद दुर्घटना' भनेको छ ।

लण्डन ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१, बोइङ ७८७-८ ड्रिमलाइनर उडानको केही समयपछि दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् । भारतका उड्डयनमन्त्रीले अहमदाबादमा भएको दुर्घटनाबाट आफू 'स्तब्ध र वीक्षिप्त' भएको बताए । एएफपीका पत्रकारले विमानस्थनमा कालो धुवाँको बाक्लो मुस्लो देखे ।

भारतको नागरिक उड्डयन प्राधिकरणले भन्यो, 'जहाजमा दुई पाइलट र १० चालक दलका सदस्यसहित २४२ व्यक्ति सवार थिए ।' विमानमा १६९ भारतीय, ५३ बेलायती, सात पोर्चुगाली र एक क्यानाडाली यात्रु सवार रहेको एयर इन्डियाले जनाएको छ ।

एयर इन्डियाको विमानले मेडे कल जारी गरेको र 'उडानपछि तुरुन्तै दुर्घटनाग्रस्त भएको' नागरिक उड्डयन महानिर्देशनालयले बताएको छ । विमानस्थलको परिधि बाहिर विमान दुर्घटना भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । भारतको गुजरात राज्यको मुख्य सहर अहमदाबादमा करिब ८० लाख मानिस बस्छन् र व्यस्त विमानस्थल घना खचाखच भरिएका आवासीय क्षेत्रहरूले घेरिएको छ ।

उड्डयनमन्त्री राम मोहन नायडू किञ्जारापुले 'सबै उड्डयन र आपत्कालीन प्रतिक्रिया एजेन्सीहरूलाई द्रुत र समन्वित कारबाही गर्न' निर्देशन दिए ।

'उद्धार टोली परिचालन गरिएको छ र घटनास्थलमा चिकित्सा सहायता र राहत सहयोग पुऱ्याउन सबै प्रयास भइरहेको छ,' उनले भने, 'मेरो विचार र प्रार्थना जहाजमा रहेका सबै र उनीहरूका परिवारसँग छ ।'

'अहमदाबादबाट लण्डन ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१ आज एउटा दुःखद दुर्घटनामा परेको गहिरो दुःखका साथ म पुष्टि गर्दछु,' एयर इन्डियाका अध्यक्ष नटराजन चन्द्रशेखरनले बिहीबार दुर्घटनापछि भने, 'हाम्रो विचार र गहिरो समवेदना यस विनासकारी घटनाबाट प्रभावित सबैका परिवार र प्रियजनहरूसँग छ ।'

एउटा आपत्कालीन केन्द्र सक्रिय गरिएको र जानकारी खोज्ने परिवारहरूका लागि सहायता टोली गठन गरिएको उनले बताए । भारतले घातक हवाई दुर्घटनाहरूको शृंखलाको सामना गरेको छ । यसमा सन् १९९६ को दुर्घटना पनि समावेश छ । त्यसबेला दुई जेट नयाँदिल्लीमाथि हावामा ठोक्किएर करिब ३५० जनाको ज्यान गएको थियो ।

सन् २०१० मा दक्षिण पश्चिम भारतको मंगलोर विमानस्थलमा एयर इन्डिया एक्सप्रेसको जेट दुर्घटना भएर आगो लागेको थियो । उक्त दुर्घटनामा १६६ यात्रु र चालक दलका सदस्यमध्ये १५८ जनाको मृत्यु भएको थियो । दशकौंअघि सन् १९८५ जुनमा मन्ट्रियलबाट लण्डन उडेको एयर इन्डिया बोइङ ७४७ आयरल्यान्डको समुद्रमा दुर्घटनाग्रस्त भएको थियो । विमानमा ३२९ जना यात्रु सवार थिए र कोही पनि बाँचेनन् । उग्रवादी सिखहरूले विमानले बोकेको सामानमा बम राखेको एउटा भारतीय आयोगले निर्धारण गरेको थियो । *रासस/एएफपी*

# ट्रम्पको धम्कीका बावजुद अमेरिकाभर विरोध प्रदर्शन फैलिँदै



**लस एञ्जलस (अमेरिका)–** कडा अध्यागमन रणनीतिका विरुद्ध संयुक्त राज्य अमेरिकाभर विरोध प्रदर्शन भड्किएको छ । यो लस एञ्जलसमा दैनिक प्रदर्शनपछि आएको हो । क्यालिफोर्नियाले बिहीबार राष्ट्रपति डोनाल्ड ट्रम्पको सेना तैनाथीका विरुद्ध कानुनी लडाइँको तयारी गरिरहेको छ ।

अमेरिकाको दोस्रो ठूलो सहर लस एञ्जलसमा बुधबार छैटौं दिनको विरोध प्रदर्शनका लागि एक हजारभन्दा बढी मानिस भेला भएका थिए । उनीहरू सडकमा मार्च गर्दा भीड शान्तिपूर्ण थियो । सहरका नेताहरूले ५०० वर्गमाइल (एक हजार ३०० वर्गकिलोमिटर) महानगरका केही सहर ब्लकहरूलाई क्षति पुऱ्याउने अँध्यारो तोडफोड र लुटपाटलाई नियन्त्रण गर्ने प्रयास गर्दा दोस्रो रातको कफर्च्यू लगाइएको थियो । 'म भन्न सक्छु कि अधिकांश भागमा यहाँ ग्राउण्ड जिरोमा सबै कुरा ठीकै छ,' ६६ वर्षीय सेवानिवृत्त स्कूल शिक्षक एवं प्रदर्शनकारी लिन स्टर्गिसले भने, 'हाम्रो सहरमा आगो लागेको छैन, यो जलिरहेको छैन, जसरी हाम्रो भयानक नेताले तपाईंलाई भन्न खोजिरहेका छन् ।'

देशमा अवैधरूपमा आप्रवासीहरूलाई समात्ने प्रयासमा अचानक वृद्धि भएपछि प्रायः शान्तिपूर्ण विरोध प्रदर्शनहरू भड्किए । सेल्फ ड्राइभिङ ट्याक्सीहरू जलाउने र प्रहरीमाथि ढुंगा फचाँक्नेलगायतका हिंसाका घटनाहरू लस एञ्जलस प्रहरी विभागका आठ हजार ५०० अधिकारीले पहिले सामना नगरेको केही पनि थिएन । वासिङ्टनको स्पोकेनमा प्रहरीले ३० जनाभन्दा बढी प्रदर्शनकारीलाई पक्राउ गरेपछि र भीडलाई तितरबितर गर्न मरिचका गोलीहरू प्रहार गरेपछि रातिको कफर्च्यू घोषणा गरिएको प्रहरी प्रमुख केभिन हलले पत्रकार सम्मेलनमा बताए । कागजातविहीन आप्रवासीहरूको 'आक्रमण' भएको दाबी गर्नेसँग लड्ने वाचा गरेर ट्रम्पले गत वर्ष आंशिकरूपमा चुनाव जितेका थिए ।

गभर्नर गेभिन न्युसमको आपत्तिका बावजुद क्यालिफोर्निया नेसनल गार्डलाई तैनाथ गर्न आदेश दिँदै ट्रम्पले अब राजनीतिक पुँजी बनाउने अवसर कब्जा गरिरहेका छन् । दशकौंमा पहिलोपटक अमेरिकी राष्ट्रपतिले लिएको पहिलो यस्तो कदम हो । 'हामीसँग सुरक्षित देश हुने छ,' उनले वासिङ्टनमा 'लेस मिजरेबल्स' को प्रदर्शनमा जाँदै गर्दा पत्रकारहरूलाई भने, 'लस एञ्जलसमा के हुने थियो त्यो हुन दिने छैनौं । याद गर्नुहोस् यदि म त्यहाँ नभएको भए... लस एञ्जलस जमिनमा जलिरहेको हुने थियो ।'

ट्रम्पले तैनाथ गरेका चार हजार ४०० सैनिकमध्ये करिब एक हजार जना सक्रियरूपमा सुविधाहरूको सुरक्षा गरिरहेको र आइसिई एजेन्टहरूसँग मिलेर काम गरिरहेको अपरेसनको नेतृत्व गरिरहेका आर्मी नर्थका डिप्टी कमाण्डिङ जनरल स्कट शेरम्यानले बताए । बाँकी ७०० सक्रिय ड्युटी मरीनसहित भेला भएका वा नागरिक अशान्तिको सामना गर्न भेला भइरहेको वा प्रशिक्षण लिइरहेको उनले जानकारी दिए ।

पेन्टागनले यो तैनाथीले करदाताहरूलाई १३ करोड ४० लाख डलर खर्च हुने बताएको छ । सन् २०२८ को राष्ट्रपतीय चुनावका लागि व्यापकरूपमा हेरिएका डेमोक्रेट गभर्नर न्युसमले ट्रम्पमाथि राजनीतिक लाभका लागि द्वन्द्व बढाउन खोजिरहेको आरोप लगाएका छन् । 'लोकतन्त्र हाम्रो आँखामुनि आक्रमणमा परेको छ' भन्दै उनले मंगलबार आफ्नो राज्यको सीमाभन्दा बाहिर अभूतपूर्व सैन्यीकरण सर्ने चेतावनी दिए ।

क्यालिफोर्नियाका वकिलहरू बिहीबार अदालतमा सैनिकहरूलाई अध्यागमन अधिकारीहरूसँग आप्रवासीहरूलाई गिरफ्तार गर्दा साथ दिनबाट रोक्न आदेश माग्ने अपेक्षा गरिएको थियो । ट्रम्प प्रशासनका वकिलहरूले यो आवेदनलाई 'कच्चा राजनीतिक नाटक' भनेका छन् ।

### राष्ट्रव्यापी विरोध बढ्दै

अन्य डेमोक्रेटिकद्वारा प्रशासित राज्यहरूमा नेसनल गार्ड तैनाथ गर्ने ट्रम्पको धम्कीका बावजुद प्रदर्शनकारीहरू निडर देखिन्थे । सेन्ट लुइस, रेले, म्यानहट्टन, इन्डियानापोलिस र डेनभरमा प्रदर्शनहरू भएको रिपोर्ट गरिएको थियो । सान एन्टोनियोमा सयौंले सिटी हल नजिकै मार्च गरे र नारा लगाए । त्यहाँ टेक्सासका रिपब्लिकन गभर्नर ग्रेग एबोटले राज्यको नेसनल गार्ड तैनाथ गरेका छन् । ट्रम्पले अमेरिकी राजधानीमा अत्यधिक असामान्य सैन्य परेडमा भाग लिने बेला शनिबार राष्ट्रव्यापी 'नो किंग्स' आन्दोलनको अपेक्षा गरिएको थियो ।

युद्धक विमान र ट्यांकहरूसहितको यो परेड अमेरिकी सेनाको स्थापनाको २५०औं वार्षिकोत्सव मनाउन आयोजना गरिएको हो तर यो ट्रम्पको ७९औं जन्मदिनको दिन पनि हो ।

### भड्किएको अवस्था

ट्रम्प प्रशासनले विरोध प्रदर्शनलाई राष्ट्रका लागि हिंसात्मक खतराका रूपमा चित्रण गरिरहेको छ । यसले नियमित अध्यागमन एजेन्ट र प्रहरीलाई समर्थन गर्न सैन्य बलको आवश्यकता पर्ने बताएको छ । तर लस एञ्जलसका मेयर करेन बासले यो संकट वासिङ्टनमा निर्मित भएको बताए ।

'एक हप्ताअघि लस एञ्जलस सहरमा सबै कुरा शान्तिपूर्ण थियो,' उनले पत्रकारहरूलाई भने, 'शुक्रबार छापा मारिएपछि कुराहरू कठिन हुन थाले... यही नै समस्याको कारण हो । यो ह्वाइट हाउसद्वारा उक्साइएको थियो ।' नक्काबधारी र हतियारधारी पुरुषहरूद्वारा गिरफ्तारी बुधबार पनि जारी रह्यो । डाउनीको लस एञ्जलसको उपनगरका एक पास्टरले राज्य बाहिर कार चलाउने पाँच सशस्त्र व्यक्तिले चर्चको पार्किङमा स्पेनिस भाषी व्यक्तिलाई समातेको बताए । *रासस/एएफपी*

# विश्वभर १२ करोड २० लाख मानिस विस्थापित

**जेनेभा–** विश्वव्यापी रूपमा आफ्नो घरबाट जबरजस्ती विस्थापित व्यक्तिहरूको संख्या रेकर्ड उच्चबाट थोरै घटेको तर 'असमर्थनीय रूपमा उच्च' रहेको संयुक्त राष्ट्रसंघले बिहीबार जनाएको छ । सन् २०२४ को अन्त्यमा विश्वभरका १२ करोड ३२ लाख मानिस जबरजस्ती आफ्नो घरबार छोडेर विस्थापित भएका छन् ।

तर यो संख्या सिरियालीहरू वर्षौंको उथलपुथलपछि घर फर्कन थालेकाले यस वर्षको अप्रिलको अन्त्यमा १२ करोड २१ लाखमा झरेको छ । करिब २० लाख सिरियाली भारतबाट वा युद्धग्रस्त देशभित्र विस्थापनबाट घर फर्कन सक्षम भएका छन् । तर युएनएचसिआरले विश्वव्यापी रूपमा कसरी ठूला द्वन्द्वहरू भए यसले यो आँकडा फेरि बढ्ने छ कि छैन भनेर निर्धारण गर्ने चेतावनी दिएको छ । एजेन्सीले विश्वव्यापीरूपमा युद्ध, हिंसा र उत्पीडनबाट विस्थापित मानिसहरूको संख्या 'असहनीय रूपमा उच्च' भएको बताएको छ ।

'हामी अन्तर्राष्ट्रिय सम्बन्धमा तीव्र अस्थिरताको समयमा बाँचिरहेका छौं, आधुनिक युद्धले गम्भीर मानव पीडाले चिह्नित नाजुक, कष्टप्रद परिदृश्य सिर्जना गरेको छ,' शरणार्थीका लागि संयुक्त राष्ट्र उच्चायुक्त फिलिपो ग्रान्डीले भने, 'हामीले शान्तिको खोजी गर्ने प्रयासलाई दोब्बर बनाउनुपर्छ र शरणार्थी र आफ्नो घरबाट भाग्न बाध्य भएका अन्यका लागि दीर्घकालीन समाधान खोज्नुपर्छ ।'

### सुडानले सिरियालाई उछिन्ने

विस्थापनका मुख्य चालकहरू सुडान, म्यान्नमा र युक्रेनमा जस्तै फैलिएको द्वन्द्वका रूपमा रहेको युएनएचसिआरले आफ्नो प्रमुख वार्षिक ग्लोबल ट्रेन्ड्स प्रतिवेदनमा भनेको छ । सिरियामा सन् २०११ मा गृहयुद्ध सुरु भएको थियो तर सन् २०२४ को डिसेम्बरमा सिरियाका राष्ट्रपति बसर अल असदलाई सत्ताबाट हटाइयो ।

यस वर्षको पहिलो महिनाहरूमा घर फर्कने सिरियालीहरूको संख्या बढेको प्रतिवेदनले जनाएको छ । मे महिनाको मध्यसम्ममा पाँच लाखभन्दा बढी सिरियाली असदको पतनपछि देशमा फिर्ता आएको अनुमान गरिएको छ भने अनुमानित १२ लाख आन्तरिक विस्थापित मानिसहरू नोभेम्बरको अन्त्यदेखि आफ्नो मूल क्षेत्रमा फर्केका छन् ।

युएनएचसिआरकोअनुमानअनुसार सन् २०२५ को अन्त्यसम्ममा १५ लाख सिरियाली विदेशबाट र २० लाख आप्रवासी स्वदेश फर्कन सक्छन् । सुडान अहिले एक करोड ४३ लाख शरणार्थी र आन्तरिकरूपमा विस्थापितसँग विश्वको सबैभन्दा ठूलो जबरजस्ती विस्थापन अवस्था हो । यसपछि सिरिया एक करोड ३५ लाख, अफगानिस्तान एक करोड तीन लाख (०.३ मिलियन) र युक्रेनमा ८८ लाख छ ।

'सन् २०२५ को बाँकी अवधिमा धेरै मुख्य परिस्थितिहरूको गतिशीलतामा निर्भर हुने छ,' वार्षिक प्रतिवेदनले भन्यो, 'यसमा विशेष गरी कंगो लोकतान्त्रिक गणतन्त्र, सुडान र युक्रेनमा शान्ति, वा कम्तीमा लडाइँमा रोक लगाउन सम्भव छ कि छैन भन्ने कुरा समावेश छ ।' यो अफगानिस्तान र सिरियामा फिर्ताको अवस्था सुधार हुन्छ कि हुँदैन भन्ने कुरामा पनि निर्भर गर्दछ । *रासस/एएफपी*


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/३०)**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) तथा बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ र दफा ११ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०२/२० गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका सडक र हाटबजारमा आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरूको अधिनमा रहि शिलबन्दी दरभाउपत्र र बोलपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित कम्पनीर फर्म सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्काको विवरण | ठेक्का नं. | आ.व. २०८२/०८३ का लागि कायम न्युनतम् अंक (भ्याट सहित) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर असुली | BM/S/NCB-01-2082/83 | ३०,५५,६१५।- | ३०००।- | मु.अ. कर सहितको कबोल अंकको ५ प्रतिशत | विद्युतिय माध्यमबाट मात्र |
| २ | किर्तिमान भाउन्ने आमतोला सडक स्थानीय पुर्वाधार उपयोग शुल्क | BM/S/SQ-10-2082/83 | १५,००,५००।- | १०००।- | | हार्डकपी |

**नोट**: सि.नं. १ को लागि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म र सि.नं. २ को लागि १६ औं दिनको १२:०० बजे सम्म दरभाउपत्र र बोलपत्र पेश गर्न सकिनेछ । विस्तृत विवरण/ शर्त/ जानकारीका लागि बेलबारी नगरपालिकाको वेवसाईट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ । https://bolpatra.gov.np/egp बाट मात्र बोलपत्र पेश गर्नुपर्नेछ ।



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२९०० | प्रति तोला – ० | प्रति तोला – २१५० |

# नेपाल र कम्बोडियाबीच व्यापारिक सहकार्य सुदृढ गरिने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) र कम्बोडियन फेडेरेसन अफ एम्प्लोयर्स एण्ड बिजनेस एसोसिएसन (क्याम्फेबा) बीच द्विपक्षीय व्यापारिक सहकार्यलाई सुदृढ गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत सिंह भण्डारीको उपस्थितिमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र क्याम्फेबाका उपाध्यक्ष सोक लोरले यही जुन १० मा स्वीट्जरल्याण्डको जेनेभामा आयोजित एक कार्यक्रममा सो समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको अध्यक्ष ढकालको सचिवालयले जनाएको छ ।

समझदारीपत्रमा दुवै पक्षले रोजगारी, श्रम कानुन, व्यवसायका उत्कृष्ट अभ्यासबारे जानकारी साझेदारी गर्ने, तालिम, अनुसन्धान र क्षमता अभिवृद्धिका लागि संयुक्त कार्यक्रमहरूसहित र लगानी प्रवर्द्धनलाई जोड दिइने उल्लेख गरिएको छ । समझदारीपत्रमा बिटुबी सहकार्यलाई प्राथमिकता दिनुका साथै दुवै संस्थाले व्यापारिक साझेदार पहिचान, व्यावसायिक मञ्चबीच सहकार्य र लगानीका अवसरबारे आ-आफ्ना सदस्यहरूलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका महासङ्घका अध्यक्ष ढकालले बताए ।

सम्झौताअनुसार उद्यमशीलता, औद्योगिक सम्बन्ध, मानव संशाधन, व्यावसायिक सुरक्षा, सीप विकास र लगानी प्रवर्द्धनका क्षेत्रमा सहयोग आदानप्रदान गरिने उनले जानकारी दिए । क्याम्फेबाका उपाध्यक्ष लोरले महासङ्घ र क्याम्फेबाबीचमा भएको यो समझदारीले नयाँ अवसर सिर्जना गर्नुका साथै बलियो सञ्जाल र क्षेत्रीय सहकार्यको मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गरे ।

समझदारीको प्रभावकारी कार्यान्वयनका लागि नियमित परामर्श र आवश्यक कार्य व्यवस्था मिलाइने अध्यक्ष ढकालको सचिवालयले जनाएको छ ।

उक्त सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू भई ९० दिनको सूचनामा रद्द गर्न सकिने प्रावधान रहेको अध्यक्ष ढकालले जानकारी दिए । यो साझेदारीले नेपाल र कम्बोडियाबीच आर्थिक सहकार्य गहिरो बनाउनुका साथै समावेशी व्यापारिक वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको उनले बताए ।

समझदारीपत्र हस्ताक्षर समारोहमा महासङ्घका उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठ, कार्यकारिणी सदस्य बाबुकाजी कार्की र क्याम्फेबाका कार्यकारी निर्देशक तेप सोफोआनको पनि उपस्थिति थियो । यो सम्झौताले दुई देशको व्यापार प्रवर्द्धन, व्यापारिक समुदायबीच सहकार्य र लगानी विस्तारमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

## कर्पोरेट

### सिद्धार्थ बैंक र लोमस डिजिटलबीच समझदारीपत्रमा हस्ताक्षर



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र लोमस डिजिटल प्रा. लि. बीच सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकलाई ह्विलपुल प्रोडक्ट र किचन एड प्रोडक्टमा विशेष छुट प्रदान गरिने भएको छ । सम्झौता अनुसार बैंकका ग्राहकहरूले उत्तरढोका, काठमाडौंस्थित लोमस डिजिटलमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा खुल्ला रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिने पनि उक्त अवसरमा जानकारी दिइएको थियो ।

### ज्योति विकास बैंक र तिलगंगा सिटि आई सेन्टरबीच सम्झौता

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौं चुच्चेपाटीस्थित तिलगंगा सिटि आई सेन्टरमा बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त आँखा केन्द्रमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यस केन्द्रमा ग्राहकहरूले आँखा जाँच र विशेष उपचार (जस्तै शल्यक्रिया र थेरापी) मा १० प्रतिशत तथा प्रिस्क्रिप्शन चश्मामा १५ प्रतिशत छुट प्राप्त गर्न सकिने पनि जनाइएको छ ।

तिलगङ्गा नेत्र प्रतिष्ठानको सह-संस्था तिलगंगा सिटि आई




सेन्टरले अत्याधुनिक प्रविधि प्रयोग गरी ग्राहकवर्गलाई गुणस्तरीय तथा उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ । ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । हालै बैंकले नयाँ बानेश्वरस्थित प्रचलित अल्फा हेल्थ केयर एण्ड डाइग्नोसिस सेन्टरमा १५ प्रतिशत र सातदोबाटोस्थित पब्लिक नेपाल डेन्टल हस्पिटल एण्ड पोलिक्लिनिकमा ५० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ । ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

### ऊर्जामन्त्री खडका र विश्व बैंक प्रतिनिधिबीच भेट

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग विश्व बैंक दक्षिण एशियाका क्षेत्रीय निर्देशक पंकज गुप्ताले भेटवार्ता गरेका छन् ।

सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा बिहीबार भएको भेटमा विश्व बैंकले नेपालका जलविद्युत् क्षेत्रमा गरेको लगानीका विषयमा छलफल भएको थियो । भेटमा ऊर्जामन्त्री खड्काले नेपालका जलविद्युत् आयोजनामा विश्व बैंकले हालसम्म गरेको लगानीप्रति धन्यवाद दिँदै आगामी दिनमा पनि यसलाई निरन्तरता दिन आग्रह गरे ।

उनले अप्पर अरुण जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनको कार्यलाई चाँडो टुङ्गोमा पुऱ्याउनसमेत विश्व बैंकसँग आग्रह गरेका थिए । यस्तै, विद्युत्को आपूर्ति सुदृढीकरण गर्ने विषयमासमेत बैठकमा छलफल भएको थियो । भेटमा विश्व बैंकका क्षेत्रीय निर्देशक गुप्ताले विश्व बैंकले अप्पर अरुण जलविद्युत् आयोजनालाई विश्व बैंकले प्राथमिकतामा राखेको बताएका थिए ।

भेटमा ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्य, सहसचिवद्वय चिरञ्जीवी चटौत, सागरराज गौतम, विश्व बैंक नेपालका देशीय निर्देशक डेभिड सिस्लेनलगायतको सहभागिता रहेको थियो ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८१/०८२ को बक्यौता रकम २०८२ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

